# नेपाल राजपत्र

## भाग २


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, साउन २५ गते २०३८ साल (अतिरिक्ताङ्क २१ (ङ)


### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३८ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "केही नेपाल ऐन (संशोधन) ऐन, २०३८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ मा संशोधनः राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को,–

(१) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

"३. उम्मेदवारः सम्बन्धित जिल्ला निर्वाचन क्षेत्रमा मतदान गर्न अधिकार पाएको कुनै पनि व्यक्ति नेपालको संविधानको धारा ३५ र यस ऐनको दफा ५ को अधीनमा रही राष्ट्रिय पञ्चायतको सदस्यताको लागि उम्मेदवार हुन पाउनेछ ।"

(२) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. मतदाताः (१) सम्बन्धित जिल्ला निर्वाचन क्षेत्रमा आफ्नो स्थायी घरबास भएको वा सो क्षेत्रमा तोकिएबमोजिम घटीमा एक वर्ष बसोबास गरेको र तोकिएबमोजिमको मितिसम्ममा एक्काईस वर्ष पूरा भएको वा हुने नेपाली नागरिकहरू मतदाता हुनेछन् ।

(२) प्रत्येक मतदातालाई मतदाता नामावलीमा निजको नाम दरिएको निर्वाचन क्षेत्रमा मात्र मतदान गर्ने अधिकार हुनेछ

तर एकभन्दा बढी निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रमा मतदान गर्न पाउने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति मतदाता हुन सक्ने छैनः–

(क) बहुलाएको वा मगज बिग्रेको,

(ख) फौजदारी अभियोगमा दोषी ठहरी कैदको सजाय भोगिरहेको, वा

(ग) निर्वाचनसम्बन्धी अपराध गरे बापत प्रचलित कानूनबमोजिम मत दिनबाट बञ्चित भैरहेको ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६४

(३) दफा ४ पछि देहायको दफा ४ क. थपिएको छः–

"४क.मतदाता नामावलीः (१) निर्वाचन आयोगले प्रत्येक जिल्ला निर्वाचन क्षेत्रको निमित्त मतदाताहरूको नामावली तोकिएबमोजिम संकलन गर्नेछ ।

तर यो दफा प्रारम्भ हुनुअगावै संकलन गरिएको मतदाता नामावली यसै ऐनबमोजिम संकलन गरिएको मानिनेछ ।

(२) निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता नामावली तोकिएबमोजिम प्रकाशित गर्नेछ र नामावलीमा कुनै मतदाताको नाम छूट भएकोमा दर्ता गराउन वा दर्ता भएको कुनै व्यक्तिको नाम, उमेर, बसोबास वा अन्य कुनै व्यहोराको विरोध गरी नाम हटाउन वा व्यहोरा सच्याई माग्न तोकिएबमोजिमको म्याद दिनेछ ।

(३) उपदफा (२) बमोजिम दावी वा विरोधपत्र पर्न आएमा निर्वाचन अधिकृतले सबै सबूत प्रमाणको जाँचबुझ गरी त्यसको अन्तिम निर्णय गर्नेछ र सो निर्णय अनुसार नामावलीमा हेरफेर गर्नु परेमा आवश्यक हेरफेर गर्नेछ ।

(४) यस दफाबमोजिम संकलन गरिएको नामावली र त्यसमा जनिएको व्यहोरा तथा तत्सम्बन्धमा प्रयोग भएका लिखतहरू निर्वाचनसम्बन्धी काम कारवाईमा बाहेक अन्य कारवाईमा प्रमाण लाग्ने छैन ।"

(४) दफा ५ को,–

(१) उपदफा (१) को खण्ड (ङ) र (ट) को सट्टा देहायको खण्ड (ङ) र (ट) राखिएका छन्ः–

"(ङ) श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाको वा सरकारी अनुदान पाएको संस्थाबाट तलब पाउने व्यक्ति वा त्यस्तो संस्थाको बहालवाला कर्मचारी, वा

(ट) नेपालको संविधानको धारा ३८ को उपधारा (२) अनुसार निष्कासित भएको व्यक्ति ।"

(२) उपदफा (१) को खण्ड (छ) र उपदफा (२) झिकिएका छन् ।

(५) दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. उम्मेदवारको उमेरको गणनाः उम्मेदवार हुनको निमित्त उमेरको गणना गर्दा तोकिएबमोजिमको मितिसम्ममा पच्चीस वर्षको उमेर पूरा गरेको हुनु पर्नेछ ।"

(६) दफा ७ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८२

"(४) उपदफा (१) वा (२) बमोजिम नियुक्त भएका निर्वाचन अधिकृत वा मतदान अधिकृतको अनुपस्थितिमा सो अधिकृतले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेश अनुसार पालना गर्नु पर्ने काम, कर्तव्य वा अधिकार उपदफा (३) बमोजिम प्रत्यायोजन गरिएको रहेनछ भने निजको मातहतमा रहेको वरिष्ठ अधिकृत वा कर्मचारीले निमित्त भै प्रयोग गर्न सक्नेछ ।"

(७) दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः–

"८. निर्वाचन र सूचनाः (१) राष्ट्रिय पञ्चायत सदस्यको लागि प्रत्येक जिल्लाबाट नेपालको संविधानमा तोकिएबमोजिमको संख्यामा निर्वाचन गराइनेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन गराइँदा निर्वाचन आयोगले भौगोलिक अवस्था, मौसम तथा अन्य परिस्थितिसमेत विचार गरी एकै मितिमा वा विभिन्न मितिमा विभिन्न निर्वाचन क्षेत्रको निर्वाचन कार्य सम्पन्न गर्ने गरी कार्यक्रम तोक्न सक्नेछ । यसरी तोकिएको कार्यक्रम अनुसार भएको निर्वाचनलाई एकै पटक निर्वाचन भएको मानिनेछ ।

(३) राष्ट्रिय पञ्चायतको सदस्य निर्वाचन गराउन निर्वाचन आयोगले प्रत्येक निर्वाचन क्षेत्रको नाम, मतदान केन्द्रको स्थान, निर्वाचन हुने मिति र मतदान हुने समय तोक्नेछ र तत्सम्बन्धी सूचना मतदाताको जानकारीको लागि प्रकाशित गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्रकाशित भएपछि सम्बन्धित निर्वाचन अधिकृतले उम्मेदवारको लागि दरखास्त दिने, दरखास्त छानबीन गर्ने, उम्मेदवारको नामावली प्रकाशित गर्ने, नाम फिर्ता लिने, विरोध गर्ने र उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने मिति, समय र स्थान तोकी सूचना प्रकाशित गर्नेछ ।

(५) राष्ट्रिय पञ्चायतको कुनै सदस्यको स्थान निजको पदावधि पूरा नहुँदै रिक्त हुन गएमा सो स्थानको लागि सम्बन्धित निर्वाचन क्षेत्रमा उपनिर्वाचन गरिनेछ । सो उपनिर्वाचनको लागि पनि यस दफामा उल्लेखित कार्यविधि पूरा गर्नु पर्नेछ ।"

(८) दफा ९ को उपदफा (२) र (४) को सट्टा देहायको उपदफा (२) र (४) राखिएका छन्ः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) उपदफा (१) बमोजिम दरखास्त दिने उम्मेदवारले आफ्नो दरखास्तमा सम्बन्धित जिल्ला निर्वाचन क्षेत्रका मतदाताहरू-मध्येबाट एकजना प्रस्तावक र एकजना समर्थक गरी कम्तीमा दुईजना मतदाताको सही गराएको हुनु पर्नेछ ।

(४) राष्ट्रिय पञ्चायतको उम्मेदवार हुने व्यक्तिले यस दफाबमोजिम दरखास्त दिंदा पन्ध्र सय रूपैयाँ धरौट राख्नु पर्नेछ ।"

(९) दफा ११ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) दरखास्तको जाँच पूरा भएपछि निर्वाचन अधिकृतले कायम रहेका उम्मेदवारको नामावली प्रकाशित गर्नेछ ।"

(१०) दफा ११ पछि देहायको दफा ११ क. थपिएको छः–

"११क. उम्मेदवारको विरोधः दफा ११ को उपदफा (३) बमोजिम उम्मेदवारको नामावली प्रकाशित भएपछि दफा ८ को उपदफा (४) बमोजिम प्रकाशित भएको सूचनामा तोकिएको म्यादभित्र कुनै उम्मेदवारको योग्यता वा दरखास्तको रीत नपुगेको सम्बन्धमा अन्य उम्मेदवारले निर्वाचन अधिकृतसमक्ष उजूर दिन सक्नेछ । त्यस्तो उजूरी सम्बन्धमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

तर निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवारलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौकाबाट बञ्चित गर्ने छैन ।"

(११) दफा १२ को उपदफा (१) मा रहेको "दफा ८ बमोजिम" भन्ने शब्दहरूको सट्टा "दफा ८ को उपदफा (४) बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

(१२) दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः–

"१३. उम्मेदवारको अन्तिम नामावली प्रकाशनः दफा १२ बमोजिम उम्मेदवारले नाम फिर्ता लिने म्याद र दफा ११ क. बमोजिम उम्मेदवारको विरोध गर्ने म्याद समाप्त भएपछि वा उम्मेदवारको विरोध-सम्बन्धी उजूरीमा निर्णय भएपछि कायम हुन आएको उम्मेदवारको सूची तयार गरी निर्वाचन अधिकृतले तोकिएबमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्नेछ ।"

(१३) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः–

"१६. मतपत्रः मतदान अधिकृतले मतदाता सूचीमा नाम भएका प्रत्येक मतदातालाई तोकिएबमोजिमको रीत पुऱ्याई तोकिएबमोजिमको मतपत्र दिनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ:–

"१७. मतदानको तरीका: (१) मतदान गोप्य हुनेछ ।

(२) मतदानको तरीका तोकिएबमोजिम हुनेछ ।"

(१५) दफा २० पछि देहायको दफा २० क. थपिएको छ:–

"२० क. नाम ढाँटी आएमा विरोध गर्न पाउने: (१) कुनै व्यक्तिले नाम ढाँटी मतदान गर्न आएमा उम्मेदवार वा निजको बारेसले पाँच रूपैयाँ धरौटी राखी मतदान अधिकृतसमक्ष विरोध गर्न पाउनेछ ।

(२) उपदफा (१) बमोजिम विरोध भएमा मतदान अधिकृतले बुझी तत्काल त्यसको निर्णय गर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको विरोध ठीक ठहरेमा मतदान अधिकृतले तुरुन्त धरौट रकम फिर्ता दिनेछ र विरोध ठीक नठहरेमा धरौट रकम जफत हुनेछ ।"

(१६) दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ:–

"२१. निर्वाचन चिह्नको व्यवस्था: (१) निर्वाचन आयोगले निर्वाचनमा प्रयोग हुने निर्वाचन चिह्न निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको निर्वाचन चिह्नको सूची अनुसार प्रत्येक निर्वाचन क्षेत्रमा खडा हुने प्रत्येक उम्मेदवारको निर्वाचन चिह्न तोकिएबमोजिमको तरीका अनुसार निर्वाचन अधिकृतले तोकिदिनेछ ।"

(१७) दफा २३ को उपदफा (१) मा रहेको "निर्वाचन अधिकृतले मतदान बदर गरी तुरुन्त निर्वाचन आयोगमा प्रतिवेदन पठाउनु पर्नेछ" भन्ने वाक्यांशको सट्टा "मतदान अधिकृतले सो मतदान केन्द्रमा भएको मतदान बदर गरी तुरुन्त निर्वाचन अधिकृतलाई सूचना दिनु पर्नेछ र निर्वाचन अधिकृतले सो कुराको सम्बन्धमा निर्वाचन आयोगमा तुरुन्त प्रतिवेदन पठाउनु पर्नेछ" भन्ने वाक्यांश राखिएको छ ।

(१८) दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ:–

"२४. संकटकालमा मतदान स्थगित गर्न: कुनै मतदान केन्द्रमा हुलदंगा भई वा कुनै प्राकृतिक विपत परी वा अरू कुनै कारणले गर्दा मतदान कार्य संचालन हुन नसक्ने भएमा मतदान अधिकृतले सो दिनको कार्य स्थगित गरी यथाशीघ्र सो केन्द्रको मतदान कार्य सम्पन्न गर्नु पर्नेछ । त्यसरी स्थगित भएको र अर्को दिन मतदान कार्य सम्पन्न भएको कुराको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना मतदान अधिकृतले निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ र सो कुराको सूचना निर्वाचन अधिकृतले तुरुन्त निर्वाचन आयोगमा पठाउनु पर्नेछ ।"

(१९) दफा २५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) मतदान कार्य समाप्त भएपछि मतदान अधिकृतले दफा २२ बमोजिम बन्द गरिएका मतपेटिकाहरू सुरक्षित तवरले ल्याई निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ । सो निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रको मतपेटिकाहरू प्राप्त भएपछि निर्वाचन अधिकृतले मत गन्ती गर्ने मिति, समय र स्थान तोक्नेछ र उम्मेदवारहरूको जानकारीको लागि सो कुराको सूचना प्रकाशित गर्नेछ ।"

(२०) दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः–

"२६. मत वा मतपत्र बदर हुने अवस्थाः (१) देहायका अवस्थामा मत वा मतपत्र बदर हुनेछन्:–

(क) मतदान अधिकृतको सही वा छाप नभएको,

(ख) निर्वाचन हुने सदस्य पदको संख्याभन्दा बढी संख्यामा मतसंकेत गरेको,

(ग) तोकिएको मत संकेत नगरी अन्य कुनै कुरा लेखिएको वा संकेत गरेको,

(घ) मतसंकेत नबुझ्ने गरी च्यातिएको वा फोहर गरिएको,

(ङ) कुनै चिह्नमा पनि मतसंकेत नगरेको,

(च) उम्मेदवार नरहेको चिह्नमा मतसंकेत गरेको,

(छ) मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिएको,

(ज) कुन उम्मेदवारको लागि मत दिएको हो सो नछुट्टिने गरी मत संकेत गरेको, र

(झ) जाली मतपत्र ।

(२) एक जनाभन्दा बढी सदस्य निर्वाचन गरिने निर्वाचन क्षेत्रको निर्वाचनमा प्रयोग गरिएको कुनै मतपत्रमा व्यक्त भएको एउटा मत सदर हुनसक्ने र अर्को मत बदर हुने अवस्थाको रहेछ भने त्यस्तो सदर हुने मत कायमै रहनेछ र बदर हुने मत मात्र बदर भएको मानिनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९५

(२१) दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः–

"२७. निर्वाचनको परिणामको घोषणाः (१) मतगन्ती सकिने बित्तिकै निर्वाचन अधिकृतले प्रत्येक उम्मेदवारले पाएको मतको कुल संख्या चढाई तोकिएबमोजिमको ढाँचामा परिणाम तालिका तयार गरी उपदफा (२) को अधीनमा रही निर्वाचनको परिणाम घोषणा गर्नेछ र त्यसको सूचना निर्वाचन आयोगमा तुरुन्त पठाउनेछ ।

(२) एक सदस्य मात्र निर्वाचन हुने निर्वाचन क्षेत्रको मतदानमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ । दुई सदस्य निर्वाचन हुने निर्वाचन क्षेत्रको मतदानमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवार निर्वाचित हुनेछन् ।

तर कुनै एकभन्दा बढी उम्मेदवारले प्राप्त गरेको मत बराबर भई बढी मत प्राप्त गरेको आधारमा परिणाम घोषणा गर्न नमिलेको अवस्थामा निर्वाचन अधिकृतले गोला हाली निर्णय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएका सूचनाहरू संकलित गरी निर्वाचन आयोगले प्रत्येक निर्वाचन क्षेत्रबाट निर्वाचित व्यक्तिको नामावली नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।"

(२२) दफा २७ पछि देहायको दफा २७ क. थपिएको छः–

"२७क. धरौट जफत हुनेः मतदानमा मतदान गरिएको कुल मत संख्याको दश प्रतिशतभन्दा कम मत पाउने उम्मेदवारको धरौट दफा २७ को उपदफा (२) बमोजिम निर्वाचित हुने भएमा बाहेक जफत हुनेछ ।

(२३) रूपान्तरः दफा १८, १९, २० र २२ मा रहेको "निर्वाचन अधिकृत" भन्ने शब्दहरूको सट्टा "मतदान अधिकृत" भन्ने शब्दहरू राखिएका छन् ।

(२४) खारेजीः मूल ऐनको दफा १४ खारेज गरिएको छ ।

३. वर्गीय संगठन ऐन, २०३६ मा संशोधन : वर्गीय संगठन ऐन, २०३६ को,–

(१) लामो शीर्षकको सट्टा देहायको लामो शीर्षक राखिएको छः–

"पञ्चायतका वर्गीय संगठनहरूको स्थापना , गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न बनेको ऐन"

(२) प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छः–

"प्रस्तावनाः नेपालको संविधानको धारा ६७ क. अनुसार पञ्चायतका विभिन्न तहको वर्गीय संगठनहरूको स्थापना, गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

"३. संगठनको स्थापनाः (१) गाउँ वा नगर, जिल्ला, अञ्चल र केन्द्रीय स्तरमा देहायबमोजिमका संगठनहरूको स्थापना हुनेछ र ती संगठनहरूको चिह्न र झण्डा तोकिएबमोजिम हुनेछः–

(क) नेपाल महिला संगठन,

(ख) नेपाल किसान संगठन,

(ग) नेपाल युवक संगठन,

(घ) नेपाल प्रौढ संगठन,

(ङ) नेपाल मजदूर संगठन,

(च) नेपाल भूतपूर्व सैनिक संगठन ।

(२) संगठनको प्रत्येक तह अविच्छिन्न उत्तराधिकारवाला संगठित र स्वशासित संस्था हुनेछ ।

(३) सो संस्थाले चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, बेच-बिखन गर्न र ठेक्का लिन दिन वा अरू किसिमले प्रयोग गर्न सक्नेछ ।

तर श्री ५ को सरकारको स्वीकृति नलिई बेच-बिखन गर्न पाउने छैन ।

(४) सो संस्थाले आफ्नो नामबाट नालिश उजूर गर्न र त्यसउपर पनि सोही नामबाट नालिश उजूर लाग्न सक्नेछ ।"

(४) दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. सदस्यताः (१) दफा ६ को उपदफा (१) बमोजिमको अयोग्यता नभएको देहायका व्यक्ति देहायका संगठनका सदस्य हुन सक्नेछः–

(क) एक्काईस वर्ष उमेर पुगेको महिला, नेपाल महिला संगठनको,

(ख) एक्काईस वर्ष उमेर पुगेको किसान, नेपाल किसान संगठनको,

(ग) एक्काईस वर्ष उमेर पूरा भै चालीस वर्ष ननाघेको युवक वा युवती, नेपाल युवक संगठनको,

(घ) चालीस वर्ष नाघेको व्यक्ति, नेपाल प्रौढ संगठनको,

(ङ) एक्काईस वर्ष उमेर पुगेको मजदूर, नेपाल मजदूर संगठनको,

(च) एक्काईस वर्ष उमेर पुगेको भूतपूर्व सैनिक, नेपाल भूतपूर्व सैनिक संगठनको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिले सम्बन्धित संगठनको नेपाल अधिराज्यभित्र रहेको कुनै पनि कार्यालयमा तोकिएको तरीकाले तोकिएको स्थानमा सदस्य शुल्क बापत एक रूपैयाँ बुझाई त्यसको रसीद प्राप्त गरेपछि निज सम्बन्धित संगठनको सदस्य भएको मानिनेछ ।

(३) संगठनको सदस्यता बापत वार्षिक शुल्क एक रूपैयाँ तिर्नु पर्नेछ । त्यस्तो शुल्क बढीमा पाँच वर्षसम्मको लागि एकै पटक सम्बन्धित संगठनको कार्यालयमा बुझाउन वा बैङ्कमार्फत पठाउन सकिनेछ ।

(४) यो ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम वार्षिक शुल्क नतिरेमा वा स्वेच्छाले सदस्यता त्यागेमा बाहेक पञ्चायतको कुनै तहको सदस्य पदमा निर्वाचित भएको व्यक्तिको सम्बन्धित संगठनको सदस्यता, निज त्यस्तो पञ्चायतको सदस्य पदमा रहुञ्जेलसम्म कायम रहेको मानिनेछ ।"

(५) दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. <u>अयोग्यताः</u> (१) देहायको व्यक्ति संगठनको सदस्य हुन सक्ने छैनः–

(क) गैरनेपाली नागरिक, वा

(ख) बहुलाएको वा मगज बिग्रेको ।

(२) संगठनको कुनै पनि तहको निर्वाचनमा देहायको व्यक्ति उम्मेदवार हुन सक्ने छैनः–

(क) निर्वाचनसम्बन्धी अपराधमा कुनै अदालतबाट कैदको सजाय पाई सो सजाय भोगिरहेको,

(ख) फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भई सो सजाय भोगिरहेको, वा

(ग) भूतपूर्व सैनिक संगठनको हकमा सैनिक सेवाको अवधि एक वर्ष पुगे तापनि नोकरी छाडी भागेको वा सैनिक अदालतबाट सजाय पाई आएको वा हटाइएको ।

(६) दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

"१०. <u>प्रारम्भिक परिषद्ः</u> नगर पञ्चायत र गाउँ पञ्चायतमा तोकिए-बमोजिम क्षेत्र कायम गरी प्रत्येक क्षेत्रमा तोकिएबमोजिम संगठनको प्रारम्भिक परिषद् गठन हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) दफा १७ मा रहेको "सक्रिय" भन्ने शब्द झिकिएको छ ।

(८) दफा १८ र १९ को सट्टा देहायका दफा १८ र १९ राखिएका छन्:-

"१८. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वित गर्न केन्द्रीय कार्य समितिको परामर्श लिई श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

१९. विधान तथा विनियम बनाउने अधिकार: संगठनले आफ्नो कार्य संचालन गर्न श्री ५ को सरकारको स्वीकृति लिई आफ्नो विधान तथा विनियम बनाउन सक्नेछ ।"

४. निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ मा संशोधन: निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ को,-

(१) दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ:-

"५. निर्वाचनमा ढाँट्न नहुने: (१) निर्वाचनको निमित्त कसैले पनि मतदाता नामावलीमा आफ्नो नाम, नागरिकता, उमेर वा ठेगाना ढाँटी नाम दर्ता गराउन वा दर्ताको लागि दरखास्त दिन वा त्यसरी ढाँटी विरोधपत्र दिन हुँदैन ।

(२) निर्वाचनमा अर्काको नामबाट वा बनावटी नामले मतपत्र लिन वा मत दिन वा कुन निर्वाचनमा एक पटक मत दिई सकेपछि फेरि सोही निर्वाचनमा आफ्नो नामले अर्को मतपत्र लिन वा मत दिन वा त्यस्तो कुनै कुरा गर्न मद्दत दिन वा उद्योग गर्न वा दुरुत्साहन दिन हुँदैन ।"

(२) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ:-

"७. प्रचार गर्न नहुने: कुनै व्यक्तिले मतदान हुने दिनभन्दा तीन दिनअघिदेखि मतदान कार्य पूरा नभएसम्म निर्वाचन क्षेत्रभित्र कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको प्रचार गर्न वा मत लिने दिने उद्देश्यले कुनै सभा गर्न वा बोलाउन वा त्यस्तो सभामा भाग लिनसमेत हुँदैन ।"

(३) दफा ९ पछि देहायको दफा ९ क. थपिएको छ:-

"९क. निर्वाचन आयोगको निर्देशन पालन गर्नु पर्ने: निर्वाचन आयोगले काममा लगाएका कर्मचारीहरूले निर्वाचन आयोगको निर्देशन पालन गर्नु पर्नेछ । त्यस्तो निर्देशन पालन नगर्ने कर्मचारीलाई निजको सेवासम्बन्धी नियमावलीबमोजिम निर्वाचन आयोगले विभागीय कारवाई गर्न सक्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ:–

"१७ अयोग्यतासम्बन्धी प्रश्नको निर्णय: दफा १४ र १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनबमोजिम निर्वाचन विशेष अदालतमा परेको कुनै मुद्दा मामिलामा नेपालको संविधानको धारा ३६ अनुसार निर्णय हुनु पर्ने प्रश्न उपस्थित भएमा निर्वाचन विशेष अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी अन्तिम निर्णयको लागि सम्बन्धित मिसिल सर्वोच्च अदालतको प्रधान न्यायाधीशसमक्ष पठाउनु पर्नेछ र त्यसरी मिसिल प्राप्त भएकोमा प्रधान न्यायाधीशले नेपालको संविधानको धारा ३६ अनुसार निर्णय गर्नेछ ।"

५. केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०३७ निष्क्रिय भएपछि त्यसको परिणाम: केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०३७ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चलती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम, कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मिति:– २०३८।४।२५।१

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाईबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३८ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐनलाई संशोधन र खारेज गर्न बनेको ऐन

प्रस्तावना : स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐनलाई संशोधन र खारेज गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐन संशोधन र खारेज गर्ने ऐन, २०३८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. गाउँ पञ्चायत ऐन, २०१८ मा संशोधनः गाउँ पञ्चायत ऐन, २०१८ को,–

(१) दफा ३ को,–

(क) उप-दफा (५) मा रहेको "चार वर्षको" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षको" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उप-दफा (६) मा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर यस उप-दफाबमोजिमको पदावधि सो सदस्य पदको पूर्तिको लागि हुने निर्वाचन कार्यक्रमको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ ।"

(ग) उप-दफा (८) मा रहेको "सहवरणद्वारा" भन्ने शब्दको सट्टा "उप-निर्वाचनद्वारा" भन्ने शब्द राखिएको छ ।

(२) दफा ७ को खण्ड (च) झिकिएको छ ।

(३) दफा ९ पछि देहायको दफा ९ क. र ९ ख. थपिएका छन्:–

"९ क. गाउँ सभाको गणपूरक संख्या : गाउँ सभाको सम्पूर्ण सदस्य संख्याको दुई-तिहाई सदस्यहरू उपस्थित नभै गाउँ सभाको बैठक बस्न सक्ने छैन । गणपूरक संख्याको अभावमा बैठक हुन नसकेमा त्यसको भोलिपल्टै सोही समयमा अर्को बैठक बस्नेछ र सो बैठकमा गाउँ सभाका पचास प्रतिशतभन्दा बढी सदस्यहरूको उपस्थिति आवश्यक हुनेछ । त्यसरी दोस्रो पटक बैठक गर्दा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित नभएमा तेस्रो पटकमा एक-तिहाई सदस्य उपस्थित भए पनि बैठक गर्न सक्नेछ ।

९ ख. गाउँ सभाको काम, कर्तव्य र अधिकार : यस ऐन वा प्रचलित कानूनबमोजिम गाउँ पञ्चायत वा गाउँ पञ्चायतका प्रधानपञ्च वा उपप्रधानपञ्च वा सदस्य वा समितिले गर्ने भनी तोकिएको काम, कर्तव्य र अधिकारबाहेक देहायबमोजिमको काम, कर्तव्य र अधिकारसमेत गाउँसभाको हुनेछः–

(क) गाउँसभामा चालू आर्थिक वर्षको कार्य प्रगतिको समीक्षा तथा आगामी आर्थिक वर्षको कार्यक्रम तर्जुमा गर्ने,

(ख) गाउँ पञ्चायतको विनियम बनाउने, र

(ग) गाउँको विकाससम्बन्धी अन्य कार्यको रेखदेख गर्ने ।

(४) दफा १२ को,–

(क) उप-दफा (२) मा रहेको "नेपाल राजपत्रमा" भन्ने शब्दहरू झिकिएका छन् ।

(ख) उप-दफा (३) मा रहेको "र त्यस्तो हेरफेरको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ" भन्ने वाक्यांश झिकिएको छ ।

(ग) उप-दफा (६ क) मा रहेको "वा सहवृत्त" भन्ने शब्दहरू झिकिएका छन् र सोही उप-दफामा रहेको "सहवरणद्वारा" भन्ने शब्दको सट्टा "उप-निर्वाचनद्वारा" भन्ने शब्द राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(घ) उप-दफा (८) मा रहेको "चार वर्षको" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षको" भन्ने शब्दहरू राखिएका छन् ।

(ङ) उप-दफा (१०) मा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर यस उपदफाबमोजिमको पदावधि सो सदस्य पदको पूर्तिको लागि हुने निर्वाचन कार्यक्रमको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ ।"

(च) उप-दफा (१२) मा रहेको "सहवरणद्वारा" भन्ने शब्दको सट्टा "उप-निर्वाचनद्वारा" भन्ने शब्द राखिएको छ ।

(५) दफा १२ पछि देहायको दफा १२ क. थपिएको छः–

"१२क. पदावधि समाप्त भएको गाउँ पञ्चायतको काम कारवाई : दफा ३ को उप-दफा (६) र दफा १२ को उप-दफा (१०) बमोजिम आदेश जारी भएको अवस्थामा बाहेक गाउँ सभा वा गाउँ पञ्चायतका सदस्यहरूको पदावधि समाप्त भई अर्को गाउँ सभा वा गाउँ पञ्चायतको गठन नभएसम्म सो सभा वा पञ्चायतले गर्नु पर्ने काम, कर्तव्य र अधिकारको पालना तथा प्रयोग गर्न श्री ५ को सरकारले समय समयमा तोकिएका व्यक्तिहरू भएको समिति गठन गरी सो समितिलाई सुम्पन सक्नेछ । यसरी सुम्पिएको समितिले यस ऐनबमोजिम सो सभा वा पञ्चायतलाई भएका सबै अधिकारहरू र समितिको अध्यक्षले सो पञ्चायतको प्रधानपञ्चलाई भएका सबै अधिकारहरू प्रयोग गर्न पाउनेछ ।"

(६) दफा १४ को खण्ड (ङ) झिकिएको छ ।

(७) दफा १४ ख. मा रहेको "वा सहवृत्त" भन्ने शब्दहरू झिकिएका छन् ।

(८) दफा १९ को,–

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) यस ऐनबमोजिम गाउँ पञ्चायतको अधिकार क्षेत्रभित्र रहेको सम्पूर्ण काम, कर्तव्य र अधिकार गाउँ पञ्चायतको सामान्य निर्देशनमा रही प्रयोग तथा पालना गर्ने ।"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः–

"(क१) महीनाको एक पटक नघटाई समय समयमा आवश्यकता अनुसार गाउँ पञ्चायतको बैठक बोलाउने र गाउँ पञ्चायतको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा गाउँ पञ्चायतको बैठकको अध्यक्षता गर्ने ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) दफा २९ को उप-दफा (१) मा रहेको "गाउँ पञ्चायतले भन्ने शब्दहरू पछि "प्रधानपञ्च वा निजले तोकिदिएको सदस्य वा सदस्यहरूको उप-समितिमार्फत" भन्ने शब्दहरू थपिएका छन् ।

(१०) दफा ४० क. पछि देहायको दफा ४० ख. थपिएको छः–

"४०ख. वडा समितिको गणपूरक संख्या : वडा समितिको अध्यक्ष र कम्तीमा दुई जना सदस्य उपस्थित नभै वडा समितिको बैठक बस्ने छैन ।

तर वडा अध्यक्ष सात दिनभन्दा बढी समयको लागि अनुपस्थित भएको अवस्थामा सदस्यहरूले आफूमध्येबाट वडा अध्यक्ष छान्न सक्नेछ ।

(११) दफा ६१ को उप-दफा (७) पछि देहायको उप-दफा (८) थपिएको छः–

"(८) गाउँ सभा, गाउँ पञ्चायत, सदस्य, समिति वा उप-समितिलाई श्री ५ को सरकारले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।"

(१२) दफा ६२ को सट्टा देहायको दफा ६२ राखिएको छः–

"६२. निलम्बन वा भङ्ग गर्न सकिने : (१) कुनै गाउँ पञ्चायतले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूबमोजिम गर्नु पर्ने काम कर्तव्यको पालना नगरेमा वा अख्तियारको दुरुपयोग गरेमा वा निष्क्रिय हुन गएमा वा अन्य कुनै कारणबाट आवश्यक लागेमा सो पञ्चायतलाई श्री ५ को सरकारले आदेश जारी गरी भङ्ग गर्न वा केही समयको लागि निलम्बन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम कुनै गाउँ पञ्चायत निलम्बन भएकोमा सो निलम्बन फुकुवा नभएसम्म वा भङ्ग भएकोमा प्रचलित कानूनबमोजिम अर्को गाउँ पञ्चायत गठन नभएसम्म सो पञ्चायतका सबै वा कुनै अधिकार श्री ५ को सरकारले आदेश जारी गरी समय समयमा तोकिएका व्यक्तिहरू भएको समिति गठन गरी सो समितिलाई सुम्पन सक्नेछ । यसरी सुम्पिएको समितिले यस ऐनबमोजिम सो पञ्चायतलाई भएका सबै अधिकारहरू तथा समितिको अध्यक्षले सो पञ्चायतको प्रधानपञ्चलाई भएका सबै अधिकारहरू प्रयोग गर्न पाउनेछ ।

(३) उप-दफा (२) बमोजिम गठन गरिएको समिति श्री ५ को सरकारले आदेश जारी गरी कुनै समयमा पनि विघटन गर्न वा तत्काल गठन भैरहेको समिति विघटन गरी अर्को समिति गठन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८

(४) गाउँ पञ्चायतको कुनै सदस्यले आफ्नो पदको दुरुपयोग गरेमा श्री ५ को सरकारले निजलाई निजको पदबाट हटाउन वा केही समयको लागि निलम्बन गर्न सक्नेछ । कुनै सदस्यलाई हटाइएकोमा निजको स्थानमा बाँकी अवधिको लागि अर्को निर्वाचन गर्न वा श्री ५ को सरकारले कुनै व्यक्तिलाई तोक्न सक्नेछ ।

(५) यस दफाबमोजिम गठित समितिको सदस्यहरूको पदावधि सो भङ्ग भएको गाउँ पञ्चायतको सदस्यहरूको निमित्त यस ऐनबमोजिम निर्धारित भैरहेको पदावधिमध्ये बाँकी रहेको पदावधिभन्दा बढी हुने छैन ।

(६) यस दफाबमोजिम श्री ५ को सरकारले जारी गरेका आदेशहरू नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।"

(१३) दफा ७६ को शीर्षकमा रहेको 'गाउँ पञ्चायतको" भन्ने शब्दहरूको सट्टा "गाउँ सभाको" भन्ने शब्दहरू र सोही दफाको उप-दफा (१) र (२) मा रहेको "गाउँ पञ्चायतले" भन्ने शब्दहरूको सट्टा "गाउँ सभाले" भन्ने शब्दहरू राखिएका छन् ।

३. नगर पञ्चायत ऐन, २०१९ मा संशोधन: नगर पञ्चायत ऐन, २०१९ को,–

(१) दफा ३ को,–

(क) उप-दफा (५) मा रहेको "चार वर्षको" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षको" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उप-दफा (६) मा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:–

"तर यस उपदफाबमोजिमको पदावधि सो सदस्य पदको पूर्तिको लागि हुने निर्वाचन कार्यक्रमको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ ।"

(ग) उप-दफा (८) मा रहेको "सहवरणद्वारा" भन्ने शब्दको सट्टा "उप-निर्वाचनद्वारा" भन्ने शब्द राखिएको छ ।

(२) दफा ७ को खण्ड (च) झिकिएको छ ।

(३) परिच्छेद २ क. को सट्टा देहायको परिच्छेद २ क. राखिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"परिच्छेद–२ क.

नगर सभाको काम, कर्तव्य र बैठक

८. नगर सभाको काम, कर्तव्य र अधिकार : यस ऐन वा प्रचलित कानूनबमोजिम नगर पञ्चायत वा नगर पञ्चायतका प्रधानपञ्च वा उप-प्रधानपञ्च वा सदस्य वा समितिले गर्ने भनी तोकिएको काम, कर्तव्य र अधिकारबाहेक देहायबमोजिमको काम, कर्तव्य र अधिकारसमेत नगर सभाको हुनेछः–

(क) नगर पञ्चायतको बजेट (आय-व्ययको विवरण) स्वीकृति गर्ने,

(ख) नगर सभामा चालू आर्थिक वर्षको कार्य प्रगतिको समीक्षा तथा आगामी आर्थिक वर्षको कार्यक्रम तर्जुमा गर्ने,

(ग) नगर पञ्चायतको विनियम बनाउने, र

(घ) नगरको विकाससम्बन्धी अन्य कार्यको रेखदेख गर्ने ।

८क. नगर सभाको बैठक : नगर सभाको बैठक बस्ने र तत्सम्बन्धी कार्यविधि तोकिए-बमोजिम हुनेछ ।

८ख. नगर सभाको गणपूरक संख्या : नगर सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यहरू उपस्थित नभै नगर सभाको बैठक बस्न सक्ने छैन । गणपूरक संख्याको अभावमा बैठक हुन नसकेमा त्यसको भोलिपल्टै सोही समयमा अर्को बैठक बस्नेछ र सो बैठकमा नगर सभाका पचास प्रतिशतभन्दा बढी सदस्यहरूको उपस्थिति आवश्यक हुनेछ । त्यसरी दोस्रो पटक बैठक गर्दा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित नभएमा तेस्रो पटकमा एक तिहाई सदस्य उपस्थित भएपनि बैठक गर्न सकिनेछ ।"

(४) दफा ९ को,

(क) उप-दफा (२) मा रहेको "नेपाल राजपत्रमा" भन्ने शब्दहरू झिकिएका छन् ।

(ख) उप-दफा (३) मा रहेको "र त्यस्तो हेरफेरको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ" भन्ने वाक्यांश झिकिएको छ ।

(ग) उप-दफा (७क) मा रहेको "वा सहवृत्त" भन्ने शब्दहरू झिकिएका छन् र सोही उप-दफामा रहेको "सहवरणद्वारा" भन्ने शब्दको सट्टा "उपनिर्वाचनद्वारा" भन्ने शब्द राखिएको छ ।

(घ) उप-दफा (९) मा रहेको "चार वर्षको" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षको" भन्ने शब्दहरू राखिएका छन् ।

(ङ) उप-दफा (११) मा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०

"तर यस उप-दफा बमोजिमको पदावधि सो सदस्य पदको पूर्तिको लागि हुने निर्वाचन कार्यक्रमको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ ।"

(च) उप-दफा (१३) मा रहेको "सहबरणद्वारा" भन्ने शब्दको सट्टा उप-निर्वाचनद्वारा" भन्ने शब्द राखिएको छ ।

(५) दफा ९ पछि देहायको दफा ९क. थपिएको छः–

"९क. पदावधि समाप्त भएको नगर पञ्चायतको काम कारवाई : दफा ३ को उप-दफा (६) र दफा ९ को उप-दफा (११) बमोजिम आदेश जारी भएको अवस्थामा बाहेक नगर सभा वा नगर पञ्चायतका सदस्यहरूको पदावधि समाप्त भई अर्को नगर सभा वा नगर पञ्चायतको गठन नभएसम्म सो सभा वा पञ्चायतले गर्नु पर्ने काम, कर्तव्य र अधिकारको पालना तथा प्रयोग गर्न श्री ५ को सरकारले समय समयमा तोकिएका व्यक्तिहरू भएको समिति गठन गरी सो समितिलाई सुम्पन सक्नेछ । यसरी सुम्पिएको समितिले यस ऐनबमोजिम सो सभा वा पञ्चायतलाई भएका सबै अधिकारहरू र समितिको अध्यक्षले सो पञ्चायतको प्रधान-पञ्चलाई भएका सबै अधिकारहरू प्रयोग गर्न पाउनेछ ।"

(६) दफा ११ को खण्ड (ङ) झिकिएको छ ।

(७) दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः–

"१५. नगर पञ्चायतको गणपूरक संख्या : (१) नगर पञ्चायतको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरू उपस्थित नभै नगर पञ्चायतको बैठक बस्ने छैन ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दोस्रो पटक बैठक बोलाउँदा पनि सोबमोजिमको गणपूरक संख्या पूरा हुन नसकेमा तेस्रो पटक बैठक बोलाउँदा एक तिहाई सदस्य उपस्थित भए पनि बैठक गर्न सकिनेछ ।"

(८) दफा १७ को उप-दफा (१) को शुरूमा "प्रधानपञ्च वा निजले तोकी दिएको सदस्य वा सदस्यहरूको उप-समितिमार्फत" भन्ने शब्दहरू थपिएका छन् ।

(९) दफा २८क. पछि देहायको दफा २८ख. थपिएको छः–

"२८ख. वडा समितिको गणपूरक संख्या : वडा समितिको अध्यक्ष र कम्तीमा दुईजना सदस्य उपस्थित नभई वडा समितिको बैठक बस्ने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर वडा अध्यक्ष सात दिनभन्दा बढी समयको लागि अनुपस्थित भएको अवस्थामा सदस्यहरूले आफूमध्येबाट वडा अध्यक्ष छान्न सक्नेछ ।"

(१०) दफा २६ को उप-दफा (१) को खण्ड (क) लाई (क१) गरी देहायको खण्ड (क) थपिएको छः–

"(क) यस ऐनबमोजिम नगर पञ्चायतको अधिकार क्षेत्रभित्र रहेको सम्पूर्ण काम, कर्तव्य र अधिकार नगर पञ्चायतको सामान्य निर्देशनभित्र रही प्रयोग तथा पालना गर्ने ।"

(११) दफा ३० को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) प्रधानपञ्चको पद रिक्त रहेमा वा निज सात दिनभन्दा बढी समयको लागि अनुपस्थित भएमा निजको कर्तव्यको पालना र अधिकार प्रयोग गर्ने,"

(१२) दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छः–

"४४. निलम्बन वा भंग गर्न सकिने: (१) कुनै नगर पञ्चायतले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूबमोजिम गर्नु पर्ने काम कर्तव्यको पालना नगरेमा वा अख्तियारको दुरूपयोग गरेमा वा निष्क्रिय हुन गएमा वा अन्य कुनै कारणबाट आवश्यक लागेमा सो पञ्चायतलाई श्री ५ को सरकारले आदेश जारी गरी भंग गर्न वा केही समयको लागि निलम्बन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम कुनै नगर पञ्चायत निलम्बन भएकोमा सो निलम्बन फुकुवा नभएसम्म वा भंग भएकोमा प्रचलित कानूनबमोजिम अर्को नगर पञ्चायत गठन नभएसम्म सो पञ्चायतका सबै वा कुनै अधिकार श्री ५ को सरकारले आदेश जारी गरी समय समयमा तोकिएका व्यक्तिहरू भएको समिति गठन गरी सो समितिलाई सुम्पन सक्नेछ । यसरी सुम्पिएको समितिले यस ऐनबमोजिम सो पञ्चायतलाई भएका सबै अधिकारहरू तथा समितिको अध्यक्षले सो पञ्चायतको प्रधानपञ्चलाई भएका सबै अधिकारहरू प्रयोग गर्न पाउनेछ ।

(३) उप-दफा (२) बमोजिम गठन गरिएको समिति श्री ५ को सरकारले आदेश जारी गरी कुनै समयमा पनि विघटन गर्न वा तत्काल गठन भैरहेको समिति विघटन गरी अर्को समिति गठन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नगर पञ्चायतको कुनै सदस्यले आफ्नो पदको दुरूपयोग गरेमा श्री ५ को सरकारले निजलाई निजको पदबाट हटाउन वा केही समयको लागि निलम्बन गर्न सक्नेछ । कुनै सदस्यलाई हटाइएकोमा निजको स्थानमा बाँकी अवधिको लागि अर्को निर्वाचन गर्न वा श्री ५ को सरकारले कुनै व्यक्तिलाई तोक्न सक्नेछ ।

(५) यस दफाबमोजिम गठित समितिको सदस्यहरूको पदावधि सो भंग भएको नगर पञ्चायतको सदस्यहरूको निमित्त यस ऐनबमोजिम निर्धारित भै रहेको पदावधिमध्ये बाँकी रहेको पदावधिभन्दा बढी हुने छैन ।

(६) यस दफाबमोजिम श्री ५ को सरकारले जारी गरेका आदेशहरू नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।"

(१३) दफा ४४ पछि देहायको दफा ४४क. थपिएको छः–

"४४क. निर्देशन दिन सक्ने : नगर सभा, नगर पञ्चायत, सदस्य, समिति वा उप-समितिलाई श्री ५ को सरकारले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।"

(१४) दफा ४९ को,–

(क) उप-दफा (१) मा रहेको "नगर पञ्चायतले" भन्ने शब्दहरूको सट्टा "प्रधानपञ्चले" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उप-दफा (२) पछि देहायको उप-दफा (२क) थपिएको छः–

"(२क) उप-दफा (२) बमोजिमको सूचना प्राप्त गर्दा प्रचलित कानूनबमोजिम अदालतमा उजूरी दिने हदम्याद बाँकी नभएमा त्यसको सूचना प्राप्त भएको मितिले पैंतीस दिनभित्र अदालतमा उजूरी दिनु पर्नेछ ।"

(ग) उप-दफा (३) मा रहेको "नगर पञ्चायतले" भन्ने शब्दहरूको सट्टा "प्रधानपञ्चले" भन्ने शब्दहरू राखिएका छन् र सोही उप-दफामा रहेको "नगर पञ्चायत उपर" भन्ने शब्दहरू झिकिएका छन् ।

(१५) दफा ५० मा रहेको "नगर पञ्चायतले" भन्ने शब्दहरूको सट्टा "प्रधान पञ्चले" भन्ने शब्दहरू राखिएका छन् ।

२८३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१६) दफा ५१ मा रहेको "नगर पञ्चायतले" भन्ने शब्दहरूको सट्टा "प्रधान पञ्चले" भन्ने शब्दहरू राखिएका छन् ।

(१७) दफा ५३ को,–

(क) उप-दफा (१) मा रहेको "नगर पञ्चायतले आफ्नो" भन्ने शब्दहरूको सट्टा "प्रधानपञ्चले नगर पञ्चायतको" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उप-दफा (२) मा रहेको "नगर पञ्चायतले" भन्ने शब्दहरूको सट्टा "प्रधानपञ्चले" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उप-दफा (३) मा रहेको "नगर पञ्चायतले" भन्ने शब्दहरू झिकिएका छन् ।

(१८) दफा ५४ को,–

(क) शुरूमा रहेको "नगर पञ्चायतले" भन्ने शब्दहरूको सट्टा "देहायका व्यक्तिले" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (क) मा रहेको "व्यक्तिलाई" भन्ने शब्द पछि "प्रधान-पञ्चले" भन्ने शब्दहरू थपिएका छन् ।

(ग) खण्ड (ख) मा रहेको "व्यक्तिलाई" भन्ने शब्दहरू पछि "नगर पञ्चायतले" भन्ने शब्दहरू थपिएका छन् ।

(१९) दफा ५५ पछि देहायको दफा ५५ क. थपिएको छः–

"५५क. मध्यस्थता गर्ने : (१) दुई वा दुईभन्दा बढी नगर पञ्चायतहरुका बीच काम, कर्तव्य र अधिकारको विषयमा वाद विवाद उत्पन्न भएमा सोको समाधानका लागि श्री ५ को सरकारले सम्बन्धित नगर पञ्चायतहरूको प्रतिनिधित्व हुने गरी आवश्यक संख्यामा मध्यस्थ नियुक्त गर्नेछ र त्यस्ता मध्यस्थले तत्सम्बन्धमा आवश्यक छानबीन गरी निर्णय गर्नेछ, तर मध्यस्थहरूको बीचमा मतैक्य नभई निर्णय हुन नसकेमा सम्बन्धित पञ्चायतका प्रतिनिधिहरू राखी श्री ५ को सरकारले निर्णय गर्नेछ । यसरी गरेको निर्णय अन्तिम हुनेछ र सो निर्णय सम्बन्धित पञ्चायतहरुलाई मात्र कर लाग्नेछ ।

(२) उप-दफा (१) बमोजिमको मध्यस्थले आफूले निर्णय गरेबमोजिमको कार्यविधि अपनाई आफ्नो कार्य सञ्चालन गर्नेछ ।

(२०) दफा ६० को उप-दफा (१) मा रहेको "नगर पञ्चायतले भन्ने शब्दहरूको सट्टा "नगर सभाले" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. जिल्ला पञ्चायत ऐन, २०१९ मा संशोधन : जिल्ला पञ्चायत ऐन, २०१९ को,–

(१) दफा ७ को उप-दफा (२) मा रहेको "सहवरणद्वारा" भन्ने शब्दको सट्टा "उप-निर्वाचनद्वारा" भन्ने शब्द राखिएको छ ।

(२) दफा १० को खण्ड (छ) झिकिएको छ ।

(३) दफा ११ को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः–

"(४) जिल्ला सभाको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरू उपस्थित नभै जिल्ला सभाको बैठक बस्ने छैन । गणपूरक संख्याको अभावमा बैठक हुन नसकेमा त्यसको भोलिपल्टै सोही समयमा अर्को बैठक बस्नेछ र सो बैठकमा जिल्ला सभाको पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थिति आवश्यक पर्ने छैन ।

तर बजेट (आय-व्ययको विवरण) पास गर्नेसम्बन्धी बैठक बस्न जिल्ला सभाका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ ।"

(४) दफा १४ को,–

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) जिल्ला पञ्चायतका सदस्यहरूको निर्वाचनको लागि प्रत्येक जिल्ला पञ्चायत क्षेत्रलाई श्री ५ को सरकारले नौ इलाकामा विभाजन गर्नेछ । यसरी विभाजित प्रत्येक इलाकाका गाउँ पञ्चायत तथा नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्यहरू तथा गाउँ सभा र नगर सभाका सदस्यहरूले आफूमध्येबाट जिल्ला पञ्चायतको लागि सदस्य निर्वाचन गर्ने छन् ।"

(ख) उप-दफा ४ मा रहेको "सदस्यहरूले" भन्ने शब्दको सट्टा "प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्यहरू तथा गाउँ सभा र नगर सभाका सदस्यहरूले" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपदफा (५) झिकिएको छ ।

(५) दफा १५ को,–

(क) उपदफा (१) मा रहेको "चार वर्षको" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षको" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (३) मा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर यस उपदफाबमोजिमको पदावधि सो सदस्य पदको पूर्तिको लागि हुने निर्वाचन कार्यक्रमको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ।"

(ग) उप-दफा (५) मा रहेको "सहवरणद्वारा" भन्ने शब्दको सट्टा "उप-निर्वाचनद्वारा" भन्ने शब्द राखिएको छ।

(६) दफा १५ क. लाई दफा १५ ख. गरी देहायको दफा १५ क. थपिएको छः–

"१५क. पदावधि समाप्त भएको पञ्चायतको काम कारवाईः दफा १५ को उप-दफा (३) बमोजिम आदेश जारी भएको अवस्थामा बाहेक जिल्ला सभा वा जिल्ला पञ्चायतका सदस्यहरूको पदावधि समाप्त भई अर्को जिल्ला सभा वा जिल्ला पञ्चायतको गठन नभएसम्म सो सभा वा पञ्चायतले गर्नु पर्ने काम, कर्तव्य र अधिकारको पालना तथा प्रयोग गर्ने श्री ५ को सरकारले समय समयमा तोकिएका व्यक्तिहरू भएको समिति गठन गरी सो समितिलाई सुम्पन सक्नेछ। यसरी सुम्पिएको समितिले यस ऐनबमोजिम सो सभा वा पञ्चायतलाई भएका सबै अधिकारहरू र समितिको अध्यक्षले सो पञ्चायतको सभापतिलाई भएको सबै अधिकारहरू प्रयोग गर्न पाउनेछ।"

(७) दफा १६ को उप-दफा (१) को,–

(क) खण्ड (क) मा रहेको "१५ क." भन्ने शब्दको सट्टा "१५ ख." भन्ने शब्द राखिएको छ।

(ख) खण्ड (ङ) झिकिएको छ।

(८) दफा १६क. को उप-दफा (२) झिकिएको छ।

(९) दफा १९ को उप-दफा (५) मा रहेको "दुवै पद रिक्त भई" भन्ने शब्दहरूको सट्टा "अनुपस्थिति भई" भन्ने शब्दहरू राखिएका छन्।

(१०) दफा २० को सट्टा देहायको दफा २० राखिएको छः–

"२० जिल्ला पञ्चायतको गणपूरक संख्याः (१) जिल्ला पञ्चायतको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरू उपस्थित नभै जिल्ला पञ्चायतको बैठक बस्ने छैन।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दोस्रो पटक बैठक बोलाउँदा पनि सोबमोजिमको गणपूरक संख्या पूरा हुन नसकेमा तेस्रो पटक बैठक बोलाउँदा एक तिहाई सदस्य उपस्थित भए पनि बैठक गर्न सकिनेछ।"

(११) दफा २३ को शुरूमा "सभापति वा निजले तोकिदिएको सदस्य वा सदस्य-हरूको उपसमितिमार्फत" भन्ने शब्दहरू थपिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८६

(१२) दफा २७ को उपदफा (१) को खण्ड (क) लाई (क१) गरी देहायको खण्ड (क) थपिएको छः–

"(क) यस ऐनबमोजिम जिल्ला पञ्चायतको अधिकार क्षेत्रभित्र रहेको सम्पूर्ण काम, कर्तव्य र अधिकार जिल्ला पञ्चायतको सामान्य निर्देशनमा रही प्रयोग तथा पालना गर्ने,"

(१३) दफा २८ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) सभापतिको पद रिक्त रहेमा वा निज सात दिनभन्दा बढी समयको लागि अनुपस्थित भएमा निजको कर्तव्यको पालना र अधिकार प्रयोग गर्ने, र"

(१४) दफा ३४ मा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर यस दफाबमोजिमको अचल सम्पत्ति जिल्ला पञ्चायतले श्री ५ को सरकारको स्वीकृति बिना बेच-बिखन गर्ने वा अरु कुनै व्यहोराले आफ्नो हक छाडिदिन पाउने छैन ।"

(१५) दफा ३९ को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः–

"(छ) जिल्ला सभा, जिल्ला पञ्चायत, सदस्य, समिति वा उपसमितिलाई श्री ५ को सरकारले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।"

(१६) दफा ४० को सट्टा देहायको दफा ४० राखिएको छः–

"४०. निलम्बन वा भङ्ग गर्न सकिने: (१) कुनै जिल्ला पञ्चायतले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूबमोजिम गर्नु पर्ने काम कर्तव्यको पालना नगरेमा वा अख्तियारको दुरूपयोग गरेमा वा निष्क्रिय हुन गएमा वा अन्य कुनै कारणबाट आवश्यक लागेमा सो पञ्चायतलाई श्री ५ को सरकारले आदेश जारी गरी भङ्ग गर्न वा केही समयको लागि निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै जिल्ला पञ्चायत निलम्बन भएकोमा सो निलम्बन फुकुवा नभएसम्म वा भङ्ग भएकोमा प्रचलित कानूनबमोजिम अर्को जिल्ला पञ्चायत गठन नभएसम्म सो पञ्चायतका सबै वा कुनै अधिकार श्री ५ को सरकारले आदेश जारी गरी समय समयमा तोकिएका व्यक्तिहरू भएको समिति गठन गरी सो समितिलाई सुम्पन सक्नेछ । यसरी सुम्पिएको समितिले यस ऐनबमोजिम सो पञ्चायतलाई भएका सबै अधिकारहरू तथा समितिको अध्यक्षले सो पञ्चायतको सभापतिलाई भएका सबै अधिकारहरू प्रयोग गर्न पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-दफा (२) बमोजिम गठन गरिएको समिति श्री ५ को सरकारले आदेश जारी गरी कुनै समयमा पनि विघटन गर्न वा तत्काल गठन भैरहेको समिति विघटन गरी अर्को समिति गठन गर्न सक्नेछ ।

(४) जिल्ला पञ्चायतको कुनै सदस्यले आफ्नो पदको दुरुपयोग गरेमा श्री ५ को सरकारले निजलाई निजको पदबाट हटाउन वा केही समयको लागि निलम्बन गर्न सक्नेछ । कुनै सदस्यलाई हटाइएकोमा निजको स्थानमा बाँकी अवधिको लागि अर्को निर्वाचन गर्न वा श्री ५ को सरकारले कुनै व्यक्तिलाई तोक्न सक्नेछ ।

(५) यस दफाबमोजिम गठित समितिको सदस्यहरूको पदावधि सो भङ्ग भएको जिल्ला पञ्चायतको सदस्यहरूको निमित्त यस ऐनबमोजिम निर्धारित भैरहेको पदावधिमध्ये बाँकी रहेको पदावधिभन्दा बढी हुने छैन ।

(६) यस दफाबमोजिम श्री ५ को सरकारले जारी गरेका आदेशहरू नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

५. स्थानिय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ मा संशोधनः स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को,–

(१) दफा २ को,–

(क) खण्ड (ख) मा रहेको "निर्वाचन सम्झनुपर्छ" भन्ने वाक्यांशको सट्टा "निर्वाचन वा उपनिर्वाचन सम्झनुपर्छ" भन्ने वाक्यांश राखिएको छ ।

(ख) खण्ड (ग) को उपखण्ड (४) र (५) को सट्टा देहायको उपखण्ड (४) र (५) राखिएका छन्:–

"(४) जिल्ला पञ्चायतका सदस्य पदको हकमा सम्बन्धित जिल्लाको सम्बन्धित इलाकाभित्रका गाउँ पञ्चायत तथा नगर पञ्चायतको प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्यहरू तथा गाउँ सभा र नगर सभाका सदस्यहरू,

(५) जिल्ला पञ्चायतको सभापति तथा उपसभापति पदको हकमा सम्बन्धित जिल्लाका सबै इलाकाहरूका गाउँ पञ्चायत तथा नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्यहरू तथा गाउँ सभा र नगर सभाका सदस्यहरू,"

(ग) खण्ड (घ) को उपखण्ड (४) र (५) को सट्टा देहायको उपखण्ड (४) र (५) राखिएका छन्:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) जिल्ला पञ्चायतको सदस्यको निमित्त सम्बन्धित जिल्लाको सम्बन्धित इलाकाभित्रको खण्ड (ग) को उपखण्ड (४) बमोजिमका मतदाताहरू,

(५) जिल्ला पञ्चायतको सभापति तथा उप-सभापतिको निमित्त सम्बन्धित जिल्लाका सबै इलाकाहरूका खण्ड (ग) को उप-खण्ड (५) बमोजिमका मतदाताहरू ।"

(२) दफा ५ ख. को,–

(क) उपदफा (१) को खण्ड (ङ) र (छ) को सट्टा देहायको खण्ड (ङ) र (छ) राखिएका छन् : –

"(ङ) श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाको वा सरकारी अनुदान पाएको संस्थाबाट तलब पाउने व्यक्ति वा त्यस्तो संस्थाको बहालवाला कर्मचारी,

(छ) फौजदारी अभियोगमा दोषी ठहरी कैदको सजाय भोगिरहेको,"

(ख) उप-दफा (२) झिकिएको छ ।

(३) दफा ५ ग. को सट्टा देहायको दफा ५.ग. राखिएको छः–

"५ग. उम्मेदवार हुन नपाउनेः दफा २ को खण्ड (घ) को उप-खण्ड (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिहरू जिल्ला पञ्चायतका सदस्य, सभापति तथा उप-सभापतिको निमित्त उम्मेदवार हुन पाउने छैनन्ः–

(क) गाउँ पञ्चायत ऐन, २०१८ को दफा १२ को उप-दफा (४) को खण्ड (ख) बमोजिमका सदस्यहरू,

(ख) नगर पञ्चायत ऐन, २०१९ को दफा ९ को उपदफा (४) को खण्ड (ख) बमोजिमका सदस्यहरू ।"

(४) दफा ६ को,–

(क) उप-दफा (१क) को सट्टा देहायको उप-दफा (१क) राखिएको छः–

"(१क) उप-दफा (१) बमोजिम दरखास्त दिने उम्मेदवारले आफ्नो दरखास्तमा मतदाताहरूमध्येबाट एकजना प्रस्तावक र एकजना समर्थक गरी कम्तीमा दुइजना मतदाताहरूको सहिछाप गराएको हुनु पर्नेछ ।"

(ख) उप-दफा (१ख) झिकिएको छ ।

६. खारेजीः स्थानीय पञ्चायत (सदस्य सहवरण) ऐन, २०३३ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०३७ निष्क्रिय भएपछि त्यसको परिणामः स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०३७ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिने छ ।

लालमोहर सदर मितिः– २०३८।४।२५।१

आज्ञाले–
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।